# अध्याय 23: स्थानीय र अन्तर्राष्ट्रिय टेलिफोन कलहरू

स्थानीय जडित लाइन र अन्तराष्ट्रिय टेलिफोन सेवाहरू प्रदान गर्ने मुख्य

अपरेटरहरूमा Hong Kong Broadband Network, HGC Global Communications र HK पर्दछन्। यस अतिरिक्त, त्यहाँ अन्तराष्ट्रिय कलिङ कार्ड सेवाहरू प्रदान गर्ने धेरै अन्तराष्ट्रिय टेलिफोन सेवा प्रदायकहरू छन्। मोबाइल फोन सेवा प्रदान गर्ने मुख्य अपरेटरहरू China Mobile Hong Kong, HKT, SmarTone र 3HK हुन्।

तपाईंले घरको निजी फोन वा व्यावसायिक परिसरहरूबाट र सडक, विमानस्थल जस्ता विभिन्न स्थानहरूमा पेफोनबाट स्थानीय वा अन्तराष्ट्रिय फोन गर्न सक्नुहुन्छ। हङ्कङ्ग तपाईंले स्थानीय मोबाइल अपरेटरहरूद्वारा प्रदान गरिएको मोबाइल फोन सेवा प्रयोग गरी जहाँपनि फोन गर्न वा उठाउन सक्नुहुन्छ।

**स्थानीय कलहरू**

निश्चित लाइन टेलिफोन सेवा प्रति लाइन असीमित प्रयोगका साथ कम मासिक शुल्कमा प्रदान गरिएको छ। अर्को शब्दमा, निजी स्थानीय भ्वाइस कलको लागि कुनै शुल्क लाग्दैन। पेफोनबाट स्थानीय फोनको लागि प्रत्येक 5 मिनटको HK$1 शुल्क तिर्नुपर्छ। मोबाइल फोन सेवाको लागि, स्थानीय मोबाइल अपरेटरहरूद्वारा प्रदान गरिएको प्रि-पेड सिम कार्डहरू सामान्यतया: तिनीहरूको खुद्रा पसलहरू र सुविधाजनक पसलहरूमा उपलब्ध छन्। यी प्रि-पेड सिम कार्डहरू 2G, 3G, 4G वा 5G स्तरका ह्याण्डसेटहरूमा उपयुक्त रूपमा प्रयोग गर्न सकिन्छ। केही अपरेटरहरूले ग्राहकहरूको लागि ह्याण्डसेट भाडा सेवा पनि प्रदान गर्दछ।

जडित लाइन र मोबाइल सेवा दुवैको लागि, आपतकालीन सेवा(**जडित सेवाका लागि 999; मोबाइल सेवाका लागि 999 वा 112**) र डाइरेक्टरी सोधपूछ (अंग्रेजी बोल्नेहरूको लागि **1081**; कान्टोनिज बोल्नेहरूको लागि**1083**; पुटोनगुवा बोल्नेहरुको लागि **1088**) कलहरू नि: शुल्क छ।

## Wi-Fi

पब्लिक फ्रि *Wi-Fi* इन्टरनेट पहुँच पब्लिक लाइब्रेरी र खेलकुद स्थलहरू जस्ता निर्दिष्ट गरिएका सरकारी परिसर पनि उपलब्ध छ। सरकारी Wi-Fi सेवाहरूमा जडान गर्नका लागि, तपाईंलाई अनुकुल Wi-Fi यन्त्र वा Wi-Fi प्रकार्यसँगको स्मार्टफोन आवश्यक हुनछ। सेवाहरू प्रयोग गर्नका लागि प्रयोगकर्ता दर्ता आवश्यक छैन तर प्रत्येक जडानसँग ब्याण्डविथ र समय नियन्त्रण हुनेछ। रेस्टुरेन्ट, क्याफे र शपिङ मलहरू जस्ता थुप्रै निजी परिसरहरूले पनि खरिदकर्ता तथा ग्राहकहरूलाई नि:शुल्क Wi-Fi सेवाहरू प्रदान गर्छ तर तिनीहरूलाई प्रयोगकर्ताको दर्ता वा पासवर्ड आवश्यक पर्न सक्छ।

## अन्तराष्ट्रिय कलहरू

अन्तराष्ट्रिय कलहरू हङ्कङ्बाट विश्वका धेरै मुलुकहरू तथा क्षेत्रहरूमा; र मेनल्यान्ड चीनका धेरै सहरहरू र नगरहरूमा गर्न सकिन्छ। तपाईंले हङ्कङ्बाट फोन गर्ने र विदेशबाट हङ्कङ्मा कल फर्काउनका लागि अन्तराष्ट्रिय सिधा डायलिङ (IDD) सेवा प्रयोग गर्न सक्ननुहुन्छ।

यस बाहेक, सबै मोबाइल अपरेटरहरूले हङकङमा अन्तर्राष्ट्रिय रोमिङ सेवा प्रदान गर्दछ। तपाईं हङकङ आउनुअघि, तपाईंको घरेलू देशमा (र यदि तिनीहरूसँग हङकङमा रोमिङ साझेदारहरू छन् भने जाँच गर्नुहोस्) अपरेटरहरूद्वारा प्रदान गरिएको अन्तर्राष्ट्रिय रोमिङ सेवामा ग्राहक बन्न सक्नुहुन्छ। तपाईंले त्यसपछि आफ्नो मोबाइल फोन प्रयोग गरी हङ्कङ्मा स्थानीय र अन्तराष्ट्रिय कलहरू गर्न सक्नुहुन्छ। यो सेवा तपाईंको घरेलू देशमा अपरेटरको रोमिङ शुल्कको लागि हो।

तपाईंले हङ कङ देखि अन्य देशहरूमा (आफ्नो घरेलू देश सहित) फोन गर्नको लागि अन्तर्राष्ट्रिय कलिङ कार्ड खरीद गर्न रोज्न पनि सक्नुहुन्छ। यस किसिमको कलिङ कार्ड सामान्यतया: स्थानीय मोबाइल अपरेटरहरूको खुद्रा पसलहरू र सुविधाजनक पसलहरूमा उपलब्ध छन्।

कुनैपनि जडित फोन वा मोबाइल फोनद्वारा कल गर्ने बाहेक, तपाईंले कल गर्न पेफोनमा सिक्काहरू, कलिङ कार्डहरू वा क्रेडिट कार्डहरू प्रयोग गर्न सक्नुहुन्छ।

**बारम्बार प्रयोग हुने IDD संकेतहरू**

| | | | |
|---|---|---|---|
| **बंगलादेशको राष्ट्र कोड** | | | **880** |
| **भारतको राष्ट्र कोड** | | | **91** |
| बम्बई (मुम्बई) | 22 | कलकत्ता (कोलकत्ता) | 33 |
| मद्रास (चेन्नाई) | 44 | नयाँ दिल्ली | 11 |
| **इन्डोनेसियाको राष्ट्र कोड** | | | **62** |
| बेटुङ | 22 | डेन्पसर (बाली) | 36 |
| जकार्टा | 21 | सेमाराङ् | 24 |
| सुरबाया | 31 | | |
| **नेपालको राष्ट्र कोड** | | | **977** |
| **पाकिस्तानको राष्ट्र कोड** | | | **92** |
| इस्लामाबाद | 51 | कराँची | 21 |
| लाहोर | 42 | मुल्तान | 61 |
| सुक्कुर | 71 | | |
| **फिलिपिन्सको राष्ट्र कोड** | | | **63** |
| ऐन्जेलिस | 455 | बाकोलड | 34 |
| बागुओ | 74 | सिबु | 32 |
| डाभाओ | 82 | Iloilo | 33 |
| Coloocan | 2 | मनिला | 2 |
| **श्रीलङ्को राष्ट्र कोड** | | | **94** |
| | कोड श्रीलङ्काको शहर कोडहरूको सूची अन्तर्गत उपरान्त विद्यमान छैन। | | |
| **थाइल्याण्डको राष्ट्र कोड** | | | **66** |
| ब्याङ्कक | 2 | चिअङ माइ | 53 |
| रत्चाबुरी | 32 | पट्टाया | 38 |
| फुकेत | 76 | | |